# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, चैत १६ गते २०३२ साल

श्री ५ को सरकार

### रक्षा मन्त्रालयको

### सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले शाही नेपाली सेनाको व्यारेक निर्माण गर्नको लागि महाकाली अञ्चल, दार्चुला जिल्ला, खलंगा गाउँ पञ्चायत वडा नं. २ र ३ मा पर्ने निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ।

पूर्व मनीराम, केशवराज, हरिदत्त, परमानन्द र वीरमानको जग्गा, पश्चिम श्याम ...णण सुनारको जग्गा, उत्तर मनीराम र केशवको जग्गा, दक्षिण मालीकार्जुन मन्दिर यति ४ किल्लाभित्रको कि. नं १० मध्ये ३–१२–०, कि. नं. १२ मध्ये २–५–३, कि.नं. १३ मध्ये १–१४–०, कि.नं. १४ मध्ये ५–९–२, कि.नं. १५ मध्ये ०–७–२, कि.नं. १६ मध्ये १–६–१, कि.नं. १७ मध्ये ०–१२–०, कि.नं. १८ मध्ये ०–११–२, कि. नं. २० मध्ये ०–६–०, कि.नं. ४० मध्ये ०–५–०, कि.नं. ४१ मध्ये ०–२–१, कि. नं. ६१ मध्ये ७–१२–२ समेत जम्मा जग्गा रोपनी २६–६–३ (छब्बीस रोपनी छ आना तीन पैसा) को जम्मा मालपोत रु. ।९९। १ (उनान्सय पैसा एक दाम) लागेको कित्ता– – – –१

आज्ञाले–

फणीन्द्रराज हमाल

श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।